जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २३२ • २०८३ जेठ २९ गते शुक्रवार • 12 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## मुसलधारे वर्षापछि जनकपुरधामका सर्वसाधारणका घरहरू डुबानमा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ जेठ**

बिहीबार बिहान करिब एक घण्टासम्म परेको मुसलधारे वर्षापछि जनकपुरधामका विभिन्न सरकारी कार्यालय तथा सर्वसाधारणका घरहरू डुबानमा परेका छन् । पानी निकासको कमजोर व्यवस्थापनका कारण शहरका धैरै स्थान जलमग्न बनेका हुन् । लगातारको वर्षापछि जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, आन्तरिक राजस्व कार्यालय, जिल्ला हुलाक कार्यालय, डिभिजन वन कार्यालय, राष्ट्रिय समाचार समिति (रासस) मधेश प्रदेश कार्यालय तथा प्रादेशिक अस्पताल परिसरमा करिब एक फिटसम्म पानी जमेको स्थानीयले बताएका छन् ।

रासस मधेश प्रदेश कार्यालयभित्र समेत पानी पसेर कार्यालय कक्षमा करिब एक फिट पानी जमेको कार्यालय सहयोगी सूर्यप्रसाद बरालले जानकारी दिए । उनका अनुसार वर्षापछि कार्यालय सञ्चालनमै समस्या उत्पन्न भएको थियो । वर्षाका कारण



जनकपुरधाम उपमहानगरपालिकाका वडा नम्बर १, २, ४, ७, ८, १० र ११ का दर्जनौं घर तथा आँगनमा पानी जमेको छ । कतिपय बासिन्दा घरभित्रै थुनिन बाध्य भएका छन् भने सडकहरू समेत जलमग्न बनेका छन् ।

वडा नम्बर ११ का स्थानीय प्रफुल्लराज घिमिरेले एशियाली विकास बैंकको ऋण सहयोग र नेपाल सरकारको लगानीमा निर्माण गरिएको ढल प्रणाली प्रभावकारी हुन नसकेको आरोप लगाए । उनका अनुसार ढलका पाइपको आकार र क्षमता पर्याप्त नभएकाले सामान्य वर्षामै पानी निकास हुन नसकेको हो । 'एक घण्टाको वर्षाले नै यस्तो अवस्था बनायो भने लगातार केही घण्टा पानी परे जनकपुरधामको अवस्था के होला ?' भन्दै उनले चिन्ता व्यक्त गरे ।

उनले पुराना खुला नाला हुँदा पानी सहज रूपमा बग्ने गरेको स्मरण गर्दै हालको ढल प्रणालीले अपेक्षित परिणाम दिन नसकेको बताए । मधेश प्रदेश सरकारको मुख्यालय रहेको मधेश भवन परिसरमा समेत पानी जमेको छ ।

## प्रहरीद्वारा करिब ५० लिटर घरेलु मदिरा बरामद

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २८ जेठ**

धनुषाको लक्ष्मिनिया गाउँपालिका-३ स्थित भित्री सडक खण्डबाट प्रहरीले करिब ५० लिटर घरेलु मदिरा बरामद गरेको छ ।

प्रहरीका अनुसार बुधबार साँझ करिब ५ बजे गजरियाबाट बनिनियातर्फ जाँदै गरेको नम्बर नखुलेको मोटरसाइकलमा घरेलु मदिरा ओसारपसार भइरहेको भन्ने शंकामा प्रहरी चौकी लक्ष्मिनियाबाट खटिएको गस्ती टोलीले मोटरसाइकल रोक्न खोजेको थियो ।

प्रहरी टोलीलाई देख्नासाथ मोटरसाइकल चालकले तीनवटा प्लास्टिकको बोरामा राखिएको मदिरा सडकमा फालेर मोटरसाइकलसहित फरार भएको जनाएको छ । त्यसपछि प्रहरीले घटनास्थलमा छाडिएका बोराहरू जाँच गर्दा करिब ५० लिटर घरेलु मदिरा फेला परेको थियो ।

बरामद मदिरालाई नियन्त्रणमा लिई आवश्यक प्रक्रिया अगाडि बढाइएको तथा हाल प्रहरी चौकी लक्ष्मिनियामा राखिएको प्रहरीले जनाएको छ । घटना भएको स्थान प्रहरी चौकी लक्ष्मिनियाबाट करिब चार किलोमिटर उत्तरतर्फ पर्ने क्षेत्र रहेको बताइएको छ ।

फरार मोटरसाइकल चालकको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

## मधेश प्रदेश सरकारद्वारा १ करोड रुपैयाँभन्दा कम लागतका योजना समावेश नगर्ने नीति

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २८ जेठ**




मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा एक करोड रुपैयाँभन्दा कम लागतका योजना समावेश नगर्ने नीति लिने भएको छ ।

प्रदेश सरकारले छरिएको बजेट व्यवस्थालाई अन्त्य गर्दै उत्पादन, रोजगारी र आर्थिक वृद्धिमा प्रत्यक्ष योगदान गर्ने योजनामा मात्र लगानी केन्द्रित गर्ने जनाएको हो । बिहीबार बसेको मधेस प्रदेशसभाको बैठकमा अर्थमन्त्री युवराज भट्टराईले मधेश प्रदेश विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै आगामी बजेटको मुख्य दिशा सार्वजनिक गरेका हुन् ।

अर्थमन्त्री भट्टराईले प्रदेशभित्र उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग, लगानीमैत्री वातावरण निर्माण तथा उत्पादनशील क्षेत्रमा पुँजी परिचालनमार्फत दिगो आर्थिक वृद्धिको आधार तयार गर्ने लक्ष्यसहित बजेट ल्याइने बताए । उनका अनुसार परम्परागत बजेट विनियोजन प्रणालीलाई परिवर्तन गर्दै मन्त्रालयगत बजेटलाई उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी न्यूनीकरणसँग प्रत्यक्ष रूपमा जोडिनेछ ।

उनले एक करोड रुपैयाँभन्दा कमका योजनामा बजेट विनियोजन नगर्ने स्पष्ट पार्दै अनुत्पादक खर्च कटौती गरी पुँजीगत निर्माण तथा विकासका क्षेत्रमा लगानी बढाइने बताए । साथै आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्वलाई सुदृढ बनाउँदै प्रदेशमा 'शून्य बेरुजु' को नीति कडाइका साथ कार्यान्वयन गरिने उनको भनाइ छ । सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी र नागरिकमैत्री बनाउन सूचना प्रविधिको व्यापक प्रयोग गरिने तथा एकीकृत डिजिटल सेवा प्रणालीलाई थप सुदृढ बनाइने अर्थमन्त्री भट्टराईले जानकारी दिए । उनका अनुसार बिचौलियाको प्रभाव अन्त्य गर्दै नागरिकलाई सरकारी कार्यालयमा लाइन बस्नुपर्ने बाध्यताबाट मुक्त गरिनेछ । त्यसका लागि कागजरहित, लाइनरहित र अनुहाररहित सेवा प्रणाली लागू गर्ने विषयलाई पनि आगामी बजेटको सिद्धान्त तथा प्राथमिकतामा समेटिएको छ ।

प्रदेश सरकारले आगामी बजेटमार्फत विकास खर्चको प्रभावकारिता बढाउने, प्रशासनिक खर्च नियन्त्रण गर्ने तथा सुशासनलाई थप मजबुत बनाउने लक्ष्य राखेको जनाएको छ ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
www.jaleshwortoday.com



सम्पादकीय...................

## आप्रबासीलाई राज्यको वास्तविक संरक्षण

आप्रबासीलाई राज्यको वास्तविक संरक्षण आवश्यक रहेको देखिन्छ । विदेशबाटै मतदान गर्न सक्ने विश्वसनीय र व्यावहारिक व्यवस्था चाहिन्छन । उनीहरूलाई निष्पक्ष भर्ती प्रक्रिया, लागू हुने करार सम्झौता, समयमै ज्याला, सुरक्षित कार्यस्थल, न्यायमा सहज पहुँच र जबरजस्ती श्रमबाट पूर्ण सुरक्षा चाहिन्छन । नेपालसँग श्रम कूटनीतिको आधारभूत संरचना त छ, तर कामदारलाई नीति तथा निर्णयको केन्द्रमा राख्ने र सम्भावित संकटको सामना गर्न सक्षम श्रम कूटनीति अझै पर्याप्त रूपमा विकसित हुन सकेको छैन । सरकारका सबै ठूला वाचालाई यही आधारमा मूल्यांकन गरिनुपर्छ । यदि डिजिटल सेवा दिने भनिएको छ भने वैदेशिक रोजगार करार पनि डिजिटल रूपमै जाँच्न र प्रमाणीकरण गर्न सकिने हुनुपर्छ । सामाजिक सुरक्षा भनिएको छ भने आप्रवासी कामदार र उनीहरूको परिवारलाई विदेश जानुअघि, विदेशमा रहँदा र फर्किएपछि पनि त्यसले समेट्नुपर्छ । आर्थिक रूपान्तरण भनिएको छ भने रेमिट्यान्सलाई सुरक्षित र उत्पादनशील लगानीमा जोड्नैपर्छ । आप्रवासी कामदार केवल रेमिट्यान्स पठाउने 'मेसिन' वा माध्यम होइन । उनीहरू नागरिक हुन्, श्रमजीवी हुन्, अभिभावक हुन्, सन्तान हुन्, लगानीकर्ता हुन्, मतदाता हुन् र समग्र राष्ट्र निर्माण गर्ने मुख्य शक्ति हुन् । आप्रवासी कामदारले नेपालको अर्थतन्त्र र समाज धानेका छन् । अब खोक्रा वाचाको ठाउँमा उनीहरूलाई राज्यको वास्तविक संरक्षण चाहिन्छ ।

# स्थानीय बासिन्दाहरुद्वारा वडाकार्यालयमा तालाबन्दी गर्दै विरोध प्रदर्शन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ जेठ**



वर्षायाम सुरु भएसँगै जनकपुरधाम उपमहानगरपालिका-३ मा जलनिकास र सडकको समस्याले विकराल रूप लिन थालेपछि स्थानीय बासिन्दाले वडाकार्यालयमा तालाबन्दी गर्दै विरोध प्रदर्शन गरेका छन् ।

बिहीबार परेको करिब एक घण्टाको वर्षापछि वडाका अधिकांश सडक जलमग्न बनेका थिए भने घर तथा पसलमा पानी पस्दा स्थानीयले क्षति व्यहोर्नुपरेको बताएका छन् । विगत लामो समयदेखि सडक, नाला तथा सरसफाइ व्यवस्थापनमा बेवास्ता भएको आरोप लगाउँदै स्थानीय युवाहरूले वडाकार्यालयमा तालाबन्दी गर्नुका साथै टायर बालेर प्रदर्शन गरेका हुन् ।

स्थानीय युवा प्रेम साह, कृष्णा साह, सुनिल दास, लक्ष्मण साह, सन्दीप साह र राहुल कर्णलगायतले वडा कार्यालयअघि प्रदर्शन गर्दै दुई कार्यकालदेखि निर्वाचित नेतृत्वले आधारभूत पूर्वाधार निर्माणमा ध्यान नदिएको आरोप लगाए । उनीहरूले सामान्य वर्षामै यस्तो अवस्था देखिएको भन्दै आगामी साउन भदौमा स्थानीयवासीले झन् ठूलो समस्या भोग्नुपर्ने चिन्ता व्यक्त गरे । प्रदर्शनकारीहरूले वडामा वर्षौंदेखि सडक तथा नालाको उचित व्यवस्थापन हुन नसकेको, नियमित सरसफाइ नहुने र फोहर व्यवस्थापनसमेत प्रभावकारी नभएको गुनासो गरे । उनीहरूले वडाभित्र रहेको ऐतिहासिक देवान पोखरीको अवस्था पनि वर्षौंदेखि दयनीय रहेको बताए ।

स्थानीयका अनुसार विश्वप्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल जानकी मन्दिर नजिकै रहेको वडा नम्बर-३ को अस्तव्यस्त अवस्थाले जनकपुरधामको छविमा समेत नकारात्मक असर पारिरहेको छ । यता, वडाध्यक्ष दिपेन्द्र साहले स्थानीयको गुनासोलाई स्वाभाविक भएको स्वीकार गर्दै समस्या समाधानका लागि पहल भइरहेको बताए । उनले विगतमा बजेट अभाव, प्राविधिक प्रक्रिया र विभिन्न प्रशासनिक कारणले केही योजनाहरू समयमै सम्पन्न हुन नसकेको बताए । 'जलनिकास व्यवस्थापनका लागि केही योजना सञ्चालनमा छन् ।

मुख्य नाला निर्माण तथा सडक स्तरोन्नतिको काम आगामी बजेटमा प्राथमिकताका साथ अघि बढाइनेछ,' अध्यक्ष साहले भने, 'स्थानीयले उठाएका विषयप्रति हामी गम्भीर छौं र सम्बन्धित निकायसँग समन्वय गरेर समस्याको दीर्घकालीन समाधान खोज्ने प्रयास भइरहेको छ ।' स्थानीयवासी भने पटकपटक आश्वासन मात्रै पाएको भन्दै अब काम देखिनुपर्ने मागमा अडिग छन् । उनीहरूले जनप्रतिनिधि तथा सम्बन्धित निकायले शीघ्र समस्या समाधान नगरे थप सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

# जुनोटिक रोग नियन्त्रणका लागि पशुपालक किसानलाई तीन दिने तालिम सुरु

**रेविता कुमारी साह**
**जनकपुरधाम, २८ जेठ**



-जनकपुरधाम उपमहानगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखाको आयोजनामा पशुपालक किसानहरूलाई लक्षित गर्दै जुनोटिक (जनावरबाट मानिसमा सर्ने) रोग सम्बन्धी तीनदिने तालिम आज बिहीबार देखि सुरु भएको छ । "स्वस्थ पशु, सुरक्षित मानिस, समृद्ध समाज" भन्ने नाराका साथ आयोजित तालिमको उद्घाटन जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले गरेका हुन् ।

कृषि तथा पशुपन्छी सेवा केन्द्र,जनकपुरधाम-१७ मा आयोजित कार्यक्रम कृषि तथा पशुपन्छी विकास शाखाका प्रमुख पशु चिकित्सक डा. अमर साहको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा पशुपालक किसान, प्राविधिक, कृषि तथा पशु सेवा क्षेत्रमा कार्यरत व्यक्तिहरूको सहभागिता रहेको थियो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि मेयर मनोज कुमार साहले पशु र मानव स्वास्थ्य एकअर्कासँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको उल्लेख गर्दै जुनोटिक रोगबारे समयमै जानकारी र सचेतना आवश्यक रहेको बताए। उनले पशुपालन क्षेत्रलाई आधुनिक र सुरक्षित बनाउन स्थानीय सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै किसानहरूलाई तालिमबाट प्राप्त ज्ञान व्यवहारमा उतार्न आग्रह गरे । मेयर साहले भने, "पशुधन हाम्रो अर्थतन्त्रको महत्वपूर्ण आधार हो। पशुमा लाग्ने रोगको प्रभाव मानिससम्म पुग्न सक्ने भएकाले रोग नियन्त्रण, सरसफाइ र सुरक्षाका उपाय बारे किसान लाई जानकारी गराउनु आवश्यक छ । यस्ता तालिमले पशुपालन व्यवसायलाई थप सुरक्षित र उत्पादनमुखी बनाउन मद्दत पुऱ्याउँछ । कार्यक्रमका अध्यक्ष डा. अमर साहले जुनोटिक रोगको जोखिम न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गर्नु तालिमको मुख्य उद्देश्य रहेको बताए । उनले जनावरबाट मानिसमा सर्ने विभिन्न रोगको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापन बारे सहभागीलाई व्यावहारिक र वैज्ञानिक जानकारी प्रदान गरिने जानकारी दिए। उनका अनुसार तालिममा ब्रुसेलोसिस, रेबीज, बर्ड फ्लु लगायतका जुनोटिक रोगहरूको पहिचान, रोकथामका उपाय, खोप व्यवस्थापन, व्यक्तिगत सरसफाइ, पशु बिमा,जैविक सुरक्षा ( बायोसेक्युरिटी) तथा पशुपालनमा अपनाउनुपर्ने सावधानी सम्बन्धी विषयमा प्रशिक्षण दिइनेछ । जेष्ठ २८ गतेदेखि ३० गतेसम्म सञ्चालन हुने उक्त तालिममा सहभागी किसानहरूलाई पशु स्वास्थ्य संरक्षण, रोग नियन्त्रण र सुरक्षित पशुपालनका व्यवहारिक पक्षबारे प्रशिक्षित गरिनेछ । उपमहानगरपालिकाले यस कार्यक्रमबाट पशुपालक किसानहरूको क्षमता अभिवृद्धि हुनुका साथै पशु तथा मानव स्वास्थ्य संरक्षणमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गरेको छ ।

पशु बिकास अधिकृत प्रभाकर झा, नेपाली कांग्रेसका नगर कोषाध्यक्ष विरेन्द्र कुमार यादव लगायतको सहभागीहरूले समेत यस्ता तालिमले पशुपालन व्यवसायमा देखिने समस्याको समाधान खोज्न र रोग नियन्त्रणका उपायबारे जानकारी प्राप्त गर्न सहयोग पुग्ने बताएका थिए ।

### तपाईको टुडे

मेषः पिछडेको साथी मिल्ने
वृषः अनावश्यक खर्चको संभावना
मिथूनः विचार गरेर बोल्नुहोला
कर्कटः पढाईमा ध्यान दिनुपर्ने
सिंहः अनावश्यक चिन्ता
कन्याः खानपानमा समस्या आउने
तुलाः मित्रतामा फाटो आउने
वृश्चिकः मनमा पछुतो आउने
धनुः लामो यात्राको योग छ
मकरः आम्दानी हुने
कूम्भः अशुभ समाचार प्राप्त हुने
मीनः शुभ कार्यको शुरुवात

### मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

### आवश्यक टेलिफोन नम्बरहरु

**जलेश्वर**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

**जनकपुर**

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# बङ्गलादेश : रोहिंग्या मानवीय सङ्कटदेखि सानो स्तरको आतङ्कवादसम्म

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २८ जेठ



बङ्गलादेशका रोहिंग्या शरणार्थी शिविरहरू विशेष गरी कोक्स बजारमा रहेका बढ्दो रूपमा मानवीय जोखिम र सशस्त्र समूह हिंसाको स्थल बन्दै गएका छन्। २०२६ मा हालैका घटनाहरूले एउटा चिन्ताजनक ढाँचालाई औंल्याउँछन् ।

शिविरहरू अब पृथक् आपराधिक प्रतिद्वन्द्वीबाट मात्र प्रभावित छैनन्। क्षेत्र, प्रभाव, भर्ती सञ्जाल र अवैध अर्थतन्त्रमा पहुँच खोज्ने विभिन्न रोहिंग्या सशस्त्र समूहहरू बीचको दीर्घकालीन र छोटो अवधिको द्वन्द्वबाट प्रभावित छन् । मे २०२६ मा मात्र धेरै हिंसात्मक घटनाहरूले यो अस्थिरताको गहिराइ प्रदर्शन गरे। मे १४ मा, जाकिर बाहिनीसँग सम्बन्धित ४५ वर्षीय रोहिंग्या हसन अहमदलाई टेकनाफको नयापारा दर्ता शरणार्थी शिविरमा गोली हानी हत्या गरिएको थियो। प्रहरीले शिविर कब्जा, मस्जिद समिति कब्जा र अघिल्लो प्रतिद्वन्द्वीलाई उद्धृत गर्दै सद्दाम बाहिनीसँग जोडिएको प्रतिद्वन्द्वीलाई हत्याको जिम्मेवारी दिएको छ । दुई दिन अघि, बालुखलीको क्याम्प ८ मा सशस्त्र समूहहरू बीचको झडपमा २२ वर्षीय रोहिंग्या युवा हसमत उल्लाह घाइते भएका थिए। झडपमा नबी हुसेन बाहिनी भनेर पनि चिनिने अरकान रोहिंग्या सेना र अरकान रोहिंग्या सङ्गठन संलग्न रहेको बताइएको छ। यी घटनाहरू नबी हुसेनका कान्छा भाइ मोहम्मद कमल प्रकाश नूरको हत्या र एआरओ कमाण्डर केफायत उल्लाह हलिमको एआरएसए सँगको झडपमा मृत्यु हुनुभन्दा पहिले भएका थिए । यी सबै घटनाहरूले शिविरको वातावरण कति सैन्यकृत भएको देखाउँछन् । एआरएसए, एआरए, एआरओ, सद्दाम बाहिनी र जाकिर बाहिनी जस्ता समूहहरूले बाँच्नको लागि मात्र नभई शिविर भित्र शक्तिको लागि पनि प्रतिस्पर्धा गरिरहेका छन्। तिनीहरूको द्वन्द्व शिविर प्रशासन, अनौपचारिक नेतृत्व संरचना, मस्जिद समितिहरू र आपराधिक अर्थतन्त्रमा फैलिएको छ। स्थानीय नेताहरू र कमाण्डरहरूलाई लक्षित गर्नु विशेष गरी महत्त्वपूर्ण छ किनभने यी व्यक्तिहरू प्रायः शरणार्थीहरू, सहायता संस्थाहरू र बङ्गलादेशी अधिकारीहरू बीच मध्यस्थकर्ताको रूपमा काम गर्छन्। तिनीहरूको उन्मूलनले बस्ती भित्र अनौपचारिक शासन कब्जा गर्ने वा बाधा पुर्‍याउने सशस्त्र समूहहरूको प्रयासलाई सङ्केत गर्दछ । हिंसाको स्तर चिन्ताजनक छ ।

# मधेशमा समावेशी शिक्षा प्रवर्द्धनका लागि प्रदेशस्तरीय कार्यशाला

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २८ जेठ



बालिका, अपाङ्गता भएका तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले आयोजित बालिका तथा समावेशी शिक्षा सञ्जाल (जिआइईएन) सदस्यहरूको प्रदेशस्तरीय क्षमता अभिवृद्धि तथा अभिमुखीकरण कार्यशाला जनकपुरधामको सीताशरण होटेलमा सम्पन्न भएको छ ।

युरोपेली संघको आर्थिक सहयोगमा पिपुल इन निड, एकाउन्टबिलिटी ल्याब नेपाल, नेपाल अपाङ्ग महिला संघ तथा राष्ट्रिय शिक्षा अभियान नेपालको साझेदारीमा सञ्चालित 'एक्सेस' परियोजनाअन्तर्गत शिक्षा तथा खेलकुद मन्त्रालय, मधेश प्रदेशको नेतृत्वमा कार्यशाला आयोजना गरिएको हो । शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशका उपसचिव उज्ज्वल पोखरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय गाउँपालिका महासंघकी उपाध्यक्ष तथा पटेर्वा सुगौली गाउँपालिकाकी उपाध्यक्ष ममता महतो, जगरनाथपुर गाउँपालिकाकी उपाध्यक्ष बबिता साह र धोबीनी गाउँपालिकाकी उपाध्यक्ष मञ्जु देवीको विशेष आतिथ्यता रहेको थियो। कार्यक्रमको सञ्चालन प्रदेश जिआइईएन फोकल पर्सन दिलीप मुखियाले गरेका थिए । कार्यशालामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी शिक्षाको अवधारणा, जिआइईएनको उद्देश्य, संरचना र कार्यप्रणाली, सदस्यहरूको भूमिका, स्थानीय शिक्षा योजना तथा बजेट प्रक्रियामा सञ्जालको एकीकरण, विद्यालय-स्थानीय तह-प्रदेश तहबीचको समन्वय, स्रोत परिचालन र दिगोपनालगायत विषयमा विस्तृत छलफल गरिएको थियो। साथै जिआइईएनको प्रभावकारी कार्यान्वयन र विस्तारका लागि कार्ययोजना निर्माणसमेत गरिएको आयोजकले जनाएको छ । मधेश प्रदेशमा लैङ्गिक असमानता, सामाजिक बहिष्करण तथा विभिन्न संरचनागत अवरोधका कारण समावेशी र गुणस्तरीय शिक्षामा पहुँच अझै चुनौतीपूर्ण रहेको सन्दर्भमा विद्यालय, स्थानीय तथा प्रदेश तहमा जिआइईएनलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने उद्देश्यले कार्यशाला आयोजना गरिएको बताइएको छ ।

कार्यक्रममा नेपाल अपाङ्ग महिला संघकी प्रशिक्षक अनिता कुमारी यादव, एकाउन्टबिलिटी ल्याब नेपालका कार्यक्रम अधिकृत अमरेश यादव, पिपुल इन निडकी प्रादेशिक संयोजक सुनिता बोहरा, प्रदेश जिआइईएन सदस्यहरू, साझेदार स्थानीय तहका उपप्रमुख तथा शिक्षा अधिकृतहरू, युवा परामर्श बोर्डका प्रतिनिधि, विकास साझेदार संस्थाका प्रतिनिधि, सञ्चारकर्मी तथा नागरिक समाजका प्रतिनिधिसहित करिब ४० जनाको सहभागिता रहेको थियो । कार्यशालाको सहजीकरण पिपुल इन निडकी जिआइईएन नेतृत्वकर्ता विना बलाल तथा प्रदेश जिआइईएन फोकल पर्सन दिलीप मुखियाले गरेका थिए। कार्यशालाबाट सहभागीहरूले समावेशी तथा लैङ्गिक उत्तरदायी शिक्षासम्बन्धी ज्ञान, सीप र नेतृत्व क्षमता अभिवृद्धि गर्नुका साथै जिआइईएनको संस्थागत विकास, स्थानीय स्वामित्व, प्रभावकारी समन्वय तथा दिगोपनाका लागि आवश्यक रणनीति र कार्ययोजना तय गरेका छन् । यसले बालिका, अपाङ्गता भएका बालबालिका तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न स्थानीय तथा प्रदेश सरकारको प्रयासलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

# अभिनयमा कमब्याक गर्दै कैट्रिना

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २८ जेठ



बलिउड अभिनेत्री कैट्रिना कैफ अभिनयमा कमब्याक गर्ने भएकी छन् । आमा बनेपछि अभिनयबाट टाढा भएकी उनी अहिले फिल्म तथा अन्य प्रोजेटको स्क्रिप्ट अध्ययन गरिरहेकी छन् ।

बलिउड मिडियाका अनुसार कैट्रिना हतारमा कुनै पनि प्रोजेक्ट साइन गर्ने पक्षमा छैनन् । उनी आफ्नो जीवनको यो नयाँ चरण (मातृत्व)सँग मेल खाने खालको कथा छनोट गर्न चाहन्छिन् । यही कारणले गर्दा उनी प्रत्येक स्क्रिप्टलाई निकै ध्यानपूर्वक अध्ययन गरिरहेकी छन् ।

कैट्रिना अब डिजिटल माध्यम अर्थात् ओटीटी प्लेटफर्ममा पनि काम गर्ने बारे विचार गरिरहेकी छन् । यदि यो योजना सफल भएमा, यो उनको करियरको पहिलो ओटीटी प्रोजेक्ट हुनेछ । अचेल धेरै स्थापित कलाकारहरू ओटीटीतर्फ आकर्षित भइरहेका बेला कैट्रिना पनि यो नयाँ प्लेटफर्ममा काम गर्न इच्छुक देखिएकी हुन् । रिपोर्टहरूका अनुसार उनी सन् २०२७ को उत्तरार्ध (दोस्रो हिस्सा)तिर सुटिङमा फर्किन सक्ने सम्भावना छ ।

कैट्रिना कैफ पछिल्लो पटक फिल्म 'मेरी क्रिसमस' मा देखिएकी थिइन्, जसमा उनको साथमा दक्षिण भारतीय अभिनेता विजय सेतुपति मुख्य भूमिकामा थिए । १२ जनवरी सन् २०२४ मा रिलिज भएको यो फिल्मले दर्शक र समीक्षकबाट सकारात्मक प्रतिक्रिया पाएको थियो । दुवैको अभिनय र केमेस्ट्रीको पनि प्रशंसा भएको थियो । यसअघि उनी सलमान खान स्टार फिल्म 'टाइगर ३' मा देखिएकी थिइन् । कैट्रिनाले डिसेम्बर २०२१ मा अभिनेता विक्की कौशलसँग विवाह गरेकी थिइन् । उनीहरूले राजस्थानमा परिवार र नजिकका साथीहरूको उपस्थितिमा परम्परागत रितिरिवाज अनुसार विवाह गरेका थिए । गत वर्ष ७ नोभेम्बरमा उनले छोरालाई जन्म दिएकी थिइन् । जसको नाम 'बिहान कौशल' राखिएको छ ।

# साहित्य महोत्सव २०८३

जलेश्वरटुडे समाचारदाता
धनुषा, २८ जेठ




साहित्य महोत्सव २०८३ के अवसर पर मगही भाषा कविता प्रतियोगिता, बहुभाषि कविता वाचन के साथे अन्य साहित्यिक गतिविधिसबके साथ सम्पन्न भेल हय । महोत्तरी जिल्ला के गौशाला नगरपालिका वडा न.११ स्थित श्री जनता मा.वि.भरतपुर खोर के सभाहल मे मिति २०७३ जेठ २७ गते बुधदिन सम्पन्न भेल हय ।

कार्यक्रम के शुरुआत राष्टगान से भेल, जेई मे प्रमुख अतिथि के रुपमे रामपृत महतो कोइरी वडा अध्यक्ष गौशाला नपा ११, विशिष्ट अतिथि सन्त आलोक संस्थापक कविर बालबालिका आश्रम जनकपुरधाम, विशिष्ट अतिथि ओम कुमार महतो वडा सचिव गौशाला नपा ११, विशिष्ट अतिथि विपिन कुमार जोशी प्रधानाध्यापक श्री जनता मावि भरतपुरखोर गौशाला ११, विजय कुमार दास अध्यक्ष अपन मिडिया, अतिथि उमेश कुमार महतो, सदस्य नगर शिक्षा समिति गौशाला नगरपालिका, अतिथि नागेन्द्र सत्या युवा तथा समाजसेवी, अतिथि सहायक प्रध्यानाध्यापक कमलेश महतो, अतिथि सहायक प्रध्यानाध्यापक रमेश आले मगर, अतिथि पुजा कुमारी पण्डित, सभापति डा.वीर बहादुर महतो भाषाविद तथा पृष्ठ संयोजक मगही भाषा गोरखापत्र रहल रहथिन । उद्घाटन भाषण में मुख्य अतिथि महतो, मगही भाषा हमनी के पहचान हय आउ एकर संरक्षण हमनी सबहे के जिम्मेदारी हय, साथे अइसन प्रतियोगिता से नव प्रतिभा के मंच मिलैत हय आउ भाषा के समृद्धि भी बढेकेक बतयले हथिन । कविता प्रतियोगिता मे प्रस्तुत कवितासबके समेटके भोर मगही कविता सग्रह प्रकाशित करेके घोषणा कयलन । कार्यक्रम के मुख्य उद्देश्य रहल कि नव पीढ़ी में मगही भाषा प्रति रुचि जगावल जाए आउ ओकर सांस्कृतिक महत्व के समझावल जाय । ई कार्यक्रम मे गौशाला नगरपालिका के ६ गो विद्यालय के विद्यार्थीसब सहभागि भेल रहे । प्रत्येक विद्यालय से प्रतियोगिता मे सहभागि विद्यार्थीके संख्या ७० रहे त सम्पुर्ण उपस्थिति २५० के हाराहारी मे रहल रहे । हर प्रतिभागी अपन-अपन कविता के माध्यम से समाज, संस्कृति, प्रेम, प्रकृति आ देशभक्ति जइसन विषय पर अपन भाव व्यक्त कयलथिन । कविता में गाँव के जीवन, किसान के मेहनत आउ परंपरा के सुंदर चित्रण देखे के मिलल । दर्शक लोगसब प्रस्तुति के खूब सराहना कयलथिन, आउ तालिसे पूरा वातावरण गूंज उठल । निर्णायक मंडल में अनुभवी साहित्यकार आउ भाषा विशेषज्ञ अमित कुमार शाह, जीवनाथ चौधरी फुलगेन मगही शामिल रहथिन । जवन कविता के भाव, भाषा के शुद्धता, प्रस्तुति शैली आ मौलिकता के आधार पर मूल्यांकन कइलथिन । प्रथम स्थान निशाकुमारी मण्डल श्रीराम जानकी सेकेन्डरी,ई.बो.स्कुल, द्वितीय चन्दिपदीप यादव श्री त्रिभुवन नमुना मावि गौशाला, तृतीय आदिति यादव श्री जनता मावि भरतपुर खोर आउ सन्तावना क्रिस्टिका शाह राष्ट्रिय मावि बहादुरगंज बटौवा, नेहा महतो ओम क्रिएटिभ इङ्लिस बोर्डिङ स्कुल लक्ष्मीनिया प्राप्त कयलक । प्रतियोगिता के अंत में तीन गो प्रतिभागी के प्रथम के रु.२५ सय नगद आउ प्रमाणपत्र, द्वितीय के रु २ हजार नगद आउ प्रमाणपत्र, तृतीय के रु १५ सय नगद आउ प्रमाणपत्र, सान्त्वना पुरस्कार रु ५ सय नगद आउ प्रमाणपत्र से सम्मान सहित बाकी प्रतिभागी के भी प्रमाण पत्र देके सम्मानित कयल गेल हय । कार्यक्रम के एक खास आकर्षण रहल सांस्कृतिक प्रस्तुति, जेमे स्थानीय कलाकार मगही लोकगीत आ नृत्य पेश कइलथिन। ई प्रस्तुति से कार्यक्रम में चार चाँद लग गइल आ दर्शक खूब आनंद उठवलथिन । अंत में आयोजक समिति धन्यवाद ज्ञापन करत कहलथिन कि ई प्रतियोगिता के सफलता सबके सहयोग से संभव भेल हय । ऊ आशा जतवलथिन कि भविष्य में भी अइसन कार्यक्रम आयोजित होत रही, ताकि मगही भाषा के प्रचार-प्रसार होत रहे । एह प्रकार "मगही भाषा कविता प्रतियोगिता" सफलतापूर्वक सम्पन्न भेल आउ सबके मन में भाषा प्रति गर्व आउ प्रेम के भावना जागृत कयलक । ई कार्यक्रम न सिर्फ एक प्रतियोगिता रहल, बल्कि मगही भाषा के उत्सव बन के सामने आयल । कार्यक्रम अपन मिडिया प्रोडक्शन द्वारा गौशाला नगरपालिका वडा न. ११ के आर्थिक सहयोग मे सम्पन्न भेल । कार्यक्रम के उद्घोषण शिक्षक दीपलाल महतो कयले रहथिन । मगही भाषा कविता प्रतियोगिता सम्पन्न ।

# उत्पादनबाट आउँछ समृद्धि



-राजनीतिक स्थिरता र परिणाममुखी प्रणाली निर्माण बिना दीर्घकालीन समृद्धि सम्भव छैन। देशको अर्थतन्त्र उत्पादनमुखी नहुँदा आयात र रेमिट्यान्समा निर्भरता बढेको छ, जसले दीर्घकालीन जोखिम निम्त्याउँछ। समृद्धिका लागि कृषि, पर्यटन, जलस्रोतजस्ता क्षेत्रको रणनीतिक उपयोग, लगानीमैत्री वातावरण र अनुशासित नागरिक संस्कार आवश्यक छ। देशमा करिब दुईतिहाइ बहुमतसहितको शक्तिशाली सरकार बनेको छ। लामो समयसम्म अस्थिर सरकारको चक्रमा फसेको नेपाल अब स्थायित्वतर्फ जाने विश्वास धेरैमा छ। साथै, राजनीतिक स्थिरता भयो भने विकासले गति लिन्छ भन्ने आशा पनि छ।

सरकार बनेपछि केही क्षेत्रमा सुधारका संकेत देखिएका छन्। सार्वजनिक खर्च कटौती गर्ने प्रयत्न, सुशासनप्रतिको प्रतिबद्धता र नागरिक सेवामा सुधार गर्ने प्रयासले जनतामा आशा जगाएको छ। प्रशासनिक ढिलासुस्ती घटाउने, सेवा प्रवाहलाई सहज बनाउने तथा भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकतामा राख्ने प्रयास पनि देखिएको छ। यसले कम्तीमा राज्यले परिणाममुखी काम गर्न खोजिरहेको सन्देश दिएको देखिएको छ। तर यो दीर्घकालीन संरचनागत सुधारमा रूपान्तरण हुन वा सक्दैन भन्ने थाहा पाउन भने प्रतीक्षा गर्नैपर्छ। लगानीकर्तालाई केवल निमन्त्रणा होइन, विश्वास दिनुपर्छ। छिटो प्रशासनिक सेवा, भ्रष्टाचार नियन्त्रण, स्पष्ट कानुनी प्रक्रिया र राजनीतिक स्थिरताबिना आर्थिक समृद्धिको सपना अधुरै रहन्छ।शिक्षा क्षेत्रमा बारम्बार नीति परिवर्तन, अस्थिर निर्णय र स्पष्ट दीर्घकालीन दृष्टिकोणको अभावले विद्यार्थी, अभिभावक र शिक्षक सबैलाई असमञ्जसमा पारेको छ। त्यस्तै, सुकुमवासी व्यवस्थापनजस्तो संवेदनशील विषयमा पनि दीर्घकालीन समाधानभन्दा राजनीतिक प्रयोग बढी भएको अनुभूति हुन्छ।

अर्को महत्त्वपूर्ण चिन्ता भनेको राज्य सञ्चालन क्रमशः अत्यधिक व्यक्तिकेन्द्रित बन्दै गएको छ। प्रधानमन्त्रीले नै सबै काम गर्नुपर्छ भन्ने मनोविज्ञान विकसित हुँदा संस्थागत अभ्यास कमजोर बन्छ। संसद्लाई पर्याप्त महत्त्व नदिने, छलफलभन्दा निर्णयलाई प्राथमिकता दिने तथा संसदीय प्रक्रियालाई औपचारिकतामा सीमित गर्ने प्रवृत्तिले लोकतान्त्रिक संस्कारमाथि प्रश्न उठाएको छ। लोकतन्त्र व्यक्तिको लोकप्रियताले होइन, संस्थागत सन्तुलन र उत्तरदायित्वले बलियो हुने व्यवस्था हो भन्ने तथ्यलाई आत्मसात् गर्न आवश्यक छ।

विकासको आधार व्यक्तिभन्दा प्रणाली हो। यदि प्रणाली कमजोर छ भने सक्षम नेतृत्व पनि सीमित हुन्छ। तर प्रणाली बलियो भए सामान्य नेतृत्वले पनि राम्रो परिणाम दिन सक्छ। त्यसैले आज नेपालमा सबैभन्दा ठूलो आवश्यकता अनुशासित, पारदर्शी र परिणाममुखी प्रणाली निर्माणको हो। हामीकहाँ लामो समयदेखि हरेक क्षेत्र राजनीतिको चपेटामा पर्‍यो। तर उत्पादन कम भयो। भाषण धेरै भए, तर श्रमको सम्मान कमजोर हुँदै गयो। उपभोग बढ्दै गयो, तर उत्पादन घट्दै गयो। गाउँका खेत बाँझिन थाले, तर बजार विदेशी वस्तुले भरिन थाले। युवाशक्ति अनुसन्धान, उत्पादन र उद्यमशीलताभन्दा पलायनतर्फ आकर्षित हुन थाल्यो। परिणामतः देशको अर्थतन्त्र आयात र विप्रेषणमा अत्यधिक निर्भर बन्दै गयो। सामाजिक मानसिकता पनि चुनौतीका रूपमा छ। युवामा 'देशमा केही सम्भव छैन' भन्ने निराशा विस्तार हुँदै गएको छ। यही सोचले विदेश पलायनलाई बाध्यता मात्र होइन, सफलता मापन गर्ने आधारजस्तै बनाइदिएको छ। विदेश जानु गलत होइन। तर यदि सम्पूर्ण आशा विदेशमै खोज्न थालियो भने देशभित्र सम्भावनाको आधार कसले तयार गर्ने ?

कुनै पनि राष्ट्र त्यतिबेला मात्र समृद्ध बन्छ, जब उसका नागरिक कठिन परिस्थितिमा पनि आफ्नै भूमिमा सम्भावना निर्माण गर्न तयार हुन्छन्। केही समय आम्दानी कम भए पनि देशमै बसेर संघर्ष गर्ने सोच तयार गर्छन्। विकसित राष्ट्रहरू एकै दिनमा बनेका होइनन्। त्यहाँका नागरिकले अनुशासन, श्रम, धैर्यता र राष्ट्रिय प्रतिबद्धताको संस्कार विकास गरेका कारण ती राष्ट्रहरू बलिया बनेका हुन्। नेपालमा सम्भावनाको अभाव छैन। कृषि, पर्यटन, जलस्रोत, जडीबुटी र सूचना प्रविधिजस्ता क्षेत्रमा नेपाल अत्यन्त सम्भावनायुक्त देश हो।

समस्या स्रोतको होइन, व्यवस्थापन र दृष्टिकोणको हो। विशेषगरी कृषि क्षेत्रलाई राज्यले अझै रणनीतिक रूपमा उपयोग गर्न सकेको छैन। आज हजारौं हेक्टर जमिन बाँझो छ। गाउँ रित्तिँदै गएका छन्। खाद्यान्न आयात निरन्तर बढिरहेको छ। यो केवल आर्थिक कमजोरी होइन, नीतिगत असफलताको संकेत पनि हो। यदि सरकारले बाँझो जमिन उपयोग गर्ने किसानलाई अनुदान, सहुलियत ऋण, कृषि बिमा, आधुनिक प्रविधि र बजारको सुनिश्चितता दिने हो भने कृषि पुनः सम्मानित र आकर्षक पेसा बन्न सक्छ। कृषिलाई केवल जीविकोपार्जनको माध्यम होइन, राष्ट्रिय अर्थतन्त्रको आधारका रूपमा हेर्नुपर्छ। राज्यले विशेष पहल नै गरेर बेरोजगार युवालाई कृषि, पशुपालन, फलफूल खेती, जडीबुटी उत्पादन र ग्रामीण पूर्वाधार निर्माणमा परिचालन गर्न सक्छ। न्यूनतम पारिश्रमिकसहित युवालाई उत्पादनमा जोड्ने हो भने यसले रोजगारी सिर्जना गर्नुका साथै उत्पादन पनि बढाउँछ।

आज नेपाललाई सबैभन्दा बढी उत्पादनमुखी अर्थतन्त्रको आवश्यकता छ। केवल रेमिट्यान्स र आयातमा आधारित अर्थतन्त्रले दीर्घकालीन समृद्धि दिन सक्दैन। आत्मनिर्भरता उत्पादनबाट आउँछ। त्यसैले अब राज्यले उत्पादनलाई केन्द्रमा राखेर नीति निर्माण गर्नुपर्छ। यससँगै लगानीको वातावरण सुधार गर्नु पनि उत्तिकै आवश्यक छ। विदेशी लगानी भित्र्याउने विषय धेरै गरिन्छ, तर लगानीकर्ताले सबैभन्दा पहिले नीतिगत स्थिरता, पारदर्शिता र कानुनी सुरक्षा खोज्छ। यदि सरकार फेरिँदा नीति फेरिन्छ, प्रशासन राजनीतिक हस्तक्षेपबाट प्रभावित हुन्छ र लगानीकर्ताले असुरक्षा महसुस गर्छ भने ठूलो लगानी आउँदैन। लगानीकर्तालाई केवल निमन्त्रणा होइन, विश्वास दिनुपर्छ। छिटो प्रशासनिक सेवा, भ्रष्टाचार नियन्त्रण, स्पष्ट कानुनी प्रक्रिया र राजनीतिक स्थिरताबिना आर्थिक समृद्धिको सपना अधुरै रहन्छ। लगानी सुरक्षित हुने वातावरण बनेपछि मात्र उद्योग खुल्छन्, रोजगारी बढ्छ र आर्थिक गतिविधि विस्तार हुन्छ। शिक्षा, स्वास्थ्य, कृषि, ऊर्जा, रोजगारी र राष्ट्रिय सुरक्षाजस्ता विषयमा दीर्घकालीन राष्ट्रिय सहमति आवश्यक हुन्छ। सरकार फेरिए पनि राष्ट्रिय प्राथमिकता फेरिनु हुँदैन। हामीकहाँ सानो कामलाई पनि ठूलो उपलब्धिजस्तो प्रचार गर्ने संस्कार विकास भएको छ। सामाजिक सञ्जालमा प्रचार धेरै हुन्छ, तर परिणाम कम देखिन्छ। अहिले देशलाई प्रचारमुखी होइन, परिणाममुखी कार्य गर्ने संस्कार चाहिएको छ। अन्ततः राष्ट्र निर्माण कुनै चामत्कारिक घटना होइन, यो निरन्तर अभ्यास हो। समृद्धि प्राप्त गर्न राजनीतिक स्थिरता, उत्पादनमुखी सोच, अनुशासित नागरिक, बलियो प्रणाली, सक्षम नेतृत्व र परिणाममुखी कार्य संस्कार आवश्यक हुन्छ। दीर्घकालीन परिवर्तन विवेक, श्रम र संस्थागत सुधारबाट मात्र सम्भव हुन्छ भन्ने बुझ्नुपर्छ। समृद्धि केवल सपना देखेर होइन, उत्पादन, अनुशासन र साझा जिम्मेवारीबाट प्राप्त हुन्छ।

**साभार : अनलाइन खबर।**

# जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले १२ वटा हाते ट्याक्टर वितरण



**जलेश्वरटुडे समाचारदाता**
सिरहा, २८ जेठ

सिरहाको दक्षिणी सीमावर्ती नवराजपुर गाउँपालिकाका भूमिहीन दलित परिवारलाई कृषि उत्पादन बढाउन र जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले १२ वटा हाते ट्याक्टर वितरण गरिएको छ। गाउँपालिका, दलित जनकल्याण युवा क्लब तथा मेनोनाइट सेन्ट्रल कमिटीको सहकार्यमा सञ्चालित 'एकीकृत जीविकोपार्जन तथा कृषि सुधार परियोजना' अन्तर्गत पाँच वडाका ३८ कृषक समूहमध्ये १२ समूहलाई हाते ट्याक्टर उपलब्ध गराइएको हो। परियोजनाअन्तर्गत वितरण गरिएका हाते ट्याक्टर १२ समूहमा आबद्ध ३०४ किसान सदस्यले पालैपालो प्रयोग गर्ने व्यवस्था गरिएको छ।

करिब ८ लाख ४३ हजार रुपैयाँ बराबरको उक्त सहयोगमा हाते ट्याक्टरसँगै आवश्यक इन्जिन तेल, गियर तेल तथा डिजेलसमेत प्रदान गरिएको दलित जनकल्याण युवा क्लबले जनाएको छ। क्लबका अध्यक्ष उमेकुमार बिसुन्केका अनुसार भूमिहीन दलित समुदायलाई कृषि उत्पादनमा जोड्दै आर्थिक रूपमा सबल बनाउने लक्ष्यसहित परियोजना सञ्चालन गरिएको हो। उनले कृषि यान्त्रिकीकरणले खेतीपातीलाई सहज बनाउने र उत्पादन लागत घटाउने विश्वास व्यक्त गरे।





"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday